## मिति २०८२।०५।०५ गतेको कार्यालय प्रमुख बैठकको निर्णयहरु :

१. यस अघि बसेको कार्यालय प्रमुख बैठकको निर्णय कार्यान्वयन बारे समिक्षा गरियो ।

२. गृह मन्त्रालय, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा, सिंहदरवार, काठमाडौंको च.नं.१० मिति २०८२।०४।०६ को पत्रसाथ प्राप्त श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा मिति २०८२।०४।०५ गते बसेको सचिव बैठकको निर्णयहरु कार्यान्वयनका सम्बन्धमा देहाय बमोजिम गर्ने, गराउने ।

क) मोरङ जिल्लास्थित कार्यालय, बोर्ड, संस्थान, प्राधिकरण समिति आदि निकायका सवारी साधनहरू सम्बन्धित पदाधिकारी/कर्मचारीहरूले प्रचलित मापदण्ड अनुसार प्रयोग गर्ने, कार्यालयमा रहेका सम्पूर्ण सवारी साधनको विवरण PAMS मा अनिवार्य प्रविष्टि गर्ने व्यवस्था मिलाउने ।

ख) विपद् व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने, गराउने ।-

- मनसूनजन्य विपद् व्यवस्थापनका लागि सरोकारवाला निकायहरु समन्वयात्मक रुपमा पूर्वतयारी तथा खोज, उद्धार र राहतका कार्यहरूमा परिचालित हुने, सडक डिभिजन लगायत सम्बन्धित निकायले लाइफलाइन सडकमा भएका अवरोध तत्काल हटाउने व्यवस्था मिलाउने ।
- मनसुनको कारणवाट उत्पन्न हुन सक्ने सम्भावित विपद्लाई मध्यनजर गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरू अत्यावश्यक काममा वाहेक कार्यस्थल नछाडने र बिदामा नबस्ने। जिल्लास्थित कार्यालय प्रमुखहरूले प्रमुख जिल्ला अधिकारीसंग समन्वय नगरी बिदा नबस्ने ।
- डेङ्गी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सबै सङ्घीय मन्त्रालय, निकाय तथा सबै प्रदेश सरकार एवं स्थानीय तहका कार्यालयहरूले डेङ्गी संक्रमण गराउने लामखुट्टेको वासस्थान र लार्भा खोज तथा नष्ट गर्ने उद्देश्यले आश्विन महिनासम्म हरेक शुक्रवार विहान ९:३० बजेदेखि सरसफाई कार्यक्रम तथा प्रचार प्रसार अभियान सञ्चालन गर्ने ।
- सर्पदंशबाट हुने मृत्युदर घटाउन सचेतना, जोखिम न्यूनीकरण र उपचारको प्रभावकारी व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने/गराउने।
- यस वर्ष मधेश प्रदेशभर मनसुन याममा पानी नपरेको वा ज्यादै कम पानी परेको कारणले सिंचाइ सुविधा समेतको अभावमा धानबाली लगाउन कठिनाई भएको, वर्षा कम भै जमिनमुनीको पानी नआउँदा मधेस प्रदेशका विभिन्न स्थानमा खानेपानीको हाहाकार भै आम जनतामा सुख्खाजन्य विपद् उत्पन्न भएकोले खानेपानी तथा सिंचाइको तत्काल समस्या समाधानका लागि आवश्यक पहल र समन्वय गर्न गृह मन्त्रालयद्वारा मधेश प्रदेशका सबै प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भएको । स्थानीय स्तरको पहलवाट समाधान हुन नसक्ने खानेपानी, कृषि तथा सिंचाइजन्य समस्या समाधानका लागि सरोकारवाला निकायहरुले समन्वयात्मक रुपमा आवश्यक सहजीकरण गर्ने ।

ग) नागरिकहरूलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने कार्यालय/निकायका पदाधिकारीले कानुनले तोकेको समयभित्रै निर्णय गर्ने ।

घ) विभिन्न मन्त्रालय/विभाग/निकायका सफ्टवेयर/सूचना व्यवस्थापन प्रणालीको निर्वाधरुपमा सञ्चालन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने:

- सुचना प्रविधि प्रणालीको Operation, Support and Maintenance को प्रारम्भिक कार्य सम्बन्धित निकायले आन्तरिक जनशक्तिबाटै गर्ने गराउने र जटिल समस्या उत्पन्न हुदाँ मात्र Outsourcing गर्ने ।
- महत्वपूर्ण सूचना प्रणालीहरू सञ्चालन गर्ने निकायहरूले १ महिनाभित्र अनिवार्य रूपमा Information Security Guideline स्वीकृत गरी गराई कार्यान्वयन गर्ने,
- चालू आर्थिक वर्षको लागि विनियोजित बजेट तथा कार्यक्रम बमोजिमको सूचना प्रविधिसँग सम्बन्धित खरिदको लागि आवश्यक नर्म्स तथा मापदण्ड अनुसार गर्ने,

(निर्णय पाना-१)

प्रमुख जिल्ला अधिकारी

- नयाँ सफ्टवेयर निर्माण गर्दा अनिवार्य रूपमा सम्बन्धित निकायको प्राविधिक कर्मचारी समेत संलग्न हुने व्यबस्था गर्ने,
- सफ्टवेयरहरूको सिस्टम अडिट र सेक्यूरिटी अडिटका लागि सम्बन्धित निकायले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ सूचना प्रविधि विभागमा अनुरोध गर्ने ।

ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना एवं ग्रे लिष्टबाट बाहिरिने रणनीतिक क्रियाकलाप अवलम्वन गर्ने ।

च) आर्थिक वर्ष २०८१/८२ मा विभिन्न मितिमा बसेका सचिव बैठकका निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।

छ) सबै कार्यालय/निकायले आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कन कार्य प्रचलित ऐन, नियमावली बमोजिमको विधि, प्रकृया अनुसार तोकिएको समयमा सम्पन्न गर्ने, गराउने ।

ज) कार्यालय/निकायहरूले सम्पादन गरेका कार्यहरू मासिक रुपमा आ-आफ्नो वेबसाईटमा अद्यावधिक गरी सार्वजनिक गर्ने ।

झ) तोकिएको समयमा सेवा प्रवाह, निर्णय गर्ने, अनधिकृत व्यक्तिले सवारी साधन प्रयोग नगर्ने, खरिद भएका मेशिन उपकरण नियमानुसार उपयोग गर्ने, गराउने ।

३. विगतदेखी हरेक वर्ष भाद्र २२ गते मनाउँदै आएको निजामती सेवा दिवस यस वर्ष पनि उल्लासमय रुपमा मनाउन नेपाल सरकारका मुख्यसचिव श्री एकनारायण अर्यालज्यूको अध्यक्षतामा मिति २०८२।०४।२२ मा बसेको नेपाल सरकारका सचिवज्यूहरु समेतको बैठकको निर्णय नं.३ मा "सबै प्रदेश, सबै स्थानीय तह तथा सम्पूर्ण जिल्लास्तरमा समेत प्रभातफेरी, साहित्यिक कार्यक्रम, अन्तरक्रिया लगायत अन्य सरसफाई, रक्तदान, स्वास्थ्य परीक्षण, रचनात्मक कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस, २०८२ मनाउन प्रदेश सरकारका प्रमुख सचिव, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र प्रमुख जिल्ला अधिकारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गर्ने" निर्णय भएको हुँदा आवश्यक कार्यान्वयनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको च.नं.११ मिति २०८२।०४।३० को पत्रसाथ गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरवार, काठमाडौंको च.नं.२४७ मिति २०८२।०४।३० को पत्रबाट लेखी आएको हुँदा सोही बमोजिम प्रभातफेरी, साहित्यिक कार्यक्रम, अन्तरक्रिया लगायत अन्य सरसफाई, रक्तदान, स्वास्थ्य परीक्षण, रचनात्मक कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस, २०८२ भव्यताका साथ मनाउने ।

४. गृह मन्त्रालय, सूचना प्रविधि शाखा, सिंहदरवार, काठमाडौंको च.नं. सू.प्र./९ मिति २०८२।०४।१५ को प्राप्त पत्रानुसार नेपाल सरकार तथा बिभिन्न सार्वजनिक निकायहरुमा प्रयोग भइरहेका विद्युतीय प्रणाली तथा व्यवस्थापन सूचना प्रणालीमा आधिकारिक पहुँच भएका प्रयोगकर्ताहरुको सरुवा अवकाश वा जिम्मेवारी परिवर्तन हुँदा समेत जिम्मेवारीमा रहँदा प्रयोग गरेको युजर आईडी र पासवर्ड (User ID & Password) प्रयोग गरी सरकारी प्रणालीको दुरुपयोग हुने गरेको अनुसन्धानबाट देखिएको सन्दर्भमा सरकारी विद्युतीय प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन लिंदा त्यस्ता आईडी र पासवर्ड लिखित रुपमा बुझेर लिने, कार्यरत अवधिमा त्यस्ता युजर आईडीको दुरुपयोग भएमा जिम्मा लिने राष्ट्रसेवक नै जिम्मेवार हुने र कुनै किसिमले आफ्नो जिम्मेवारीबाट अलग हुँदा, सरुवा, अवकाश हुँदा ती आईडीको बरबुझारथ गरी जिम्मेवारीबाट अलग भएको एकीन भए मात्र रमाना, अवकाश लगायतका आधिकारिक पत्र जारी गर्ने व्यवस्था मिलाउनु हुन भनी लेखी आएको हुँदा सोही बमोजिम गर्ने, गराउने ।



प्रमुख जिल्ला अधिकारी

५. अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान महाशाखाको च.नं.८९६ मिति २०८२।३।२० को योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने सम्बन्धी पत्रानुसार नेपाल सरकारद्वारा कर्मचारी, मजदुर तथा अन्य व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा सरकारी कर्मचारीका लागि निवृत्तभरण कोष ऐन, २०७४ कार्यान्वयनमा ल्याईएको । यसै अनुरुप नेपाल सरकारले २०७५ सालदेखि सरकारी कर्मचारीका लागि योगदानमा बाधारित निवृत्तिभरण प्रणाली लागू गरिसकेको भएता पनि हाल सम्म पनि कतिपय नियामक निकाय, संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरुमा पेन्सन तथा उपदान सुविधा प्रदान गर्ने प्रचलन कायम रहेको देखिएको । नेपाल सरकारले अवलम्बन गरेको नीति अनुसार, सार्वजनिक प्रतिष्ठानहरुवाट कर्मचारीको अवकाशपछिको दीर्घकालीन दायित्व भुक्तानीका लागि आवश्यक व्यवस्था नगर्दा घाटामा रहेका तथा आफ्नै स्रोत नभई नेपाल सरकारकै स्रोतमा निर्भर रहनुपर्ने निकायहरुले राज्यकोषमा दीर्घकालीन दायित्व सिर्जना गरिरहेको देखिएको । यस सन्दर्भमा, सम्बन्धित सबै मन्त्रालय, निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरुले देहाय बमोजिम गर्न/गराउन माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीस्तरको मिति २०८२।३।२० को निर्णयानुसार अनुरोध छ भनि लेखी आएको हुँदा तपशील अनुसार गर्नु/गराउनु हुन भनी गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरवार, काठमाडौंको च.नं.१५ मिति २०८२।४।७ को पत्रबाट लेखी आएको हुँदा सोही बमोजिम तपशील अनुसार गर्ने, गराउने ।-

<u>तपशील</u>

- आगामी आर्थिक वर्ष २०८२।०८३ देखि नियुक्त हुने कर्मचारीहरुलाई पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने ।
- सबै मन्त्रालयले सम्बद्ध निकायमा आगामी आर्थिक वर्ष २०८२।०८३ देखि नियुक्त हुने कर्मचारीहरुलाई पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्न आवश्यक व्यवस्था मिलाउने ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू नगरेका कारण सिर्जना हुने दायित्व नेपाल सरकारले नबेहोर्ने जानकारी गराउने ।

६. ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, मोरङ, कोशी प्रदेशको मिति २०८२।०५।०३ को पत्रानुसार ब्रह्माकुमारी संस्था अन्तर्गतको सामाजिक सेवा विभागले आगामी २०८२ साल भदौ ६-९ गतेसम्म विश्व बन्धुत्वको भावना जागृत गर्ने हेतुले एक अन्तर्राष्ट्रिय स्तरको ग्लोबल मेगा रक्तदान अभियान रेडक्रस सोसाइटी, विभिन्न क्लब, विश्व विद्यालय, कलेज तथ अन्य प्रतिष्ठित सामाजिक संस्थाहरुसँग सहकार्यमा आयोजना गरेको हुँदा २०८२ साल भदौ ६ गते शुक्रवार विहान ८ बजेदेखि ४ बजेसम्म ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, विराटनगर-१० न्यूरो हस्पिटल पछाडी हुने उक्त पुण्य कार्यमा अधिक भन्दा अधिक रक्तदातालाई समावेश गराई सहयोग गरिदिनु हुन भनी लेखि आएको हुँदा सोही व्यहोरा बैठकमा अवगत भयो ।

प्रमुख जिल्ला अधिकारी